मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

गौर, रौतहट

Email: info.akcrautahat@madhesh.gov.np
Website: akcrautahat.madhesh.gov.np
Phone: 055-520001, 9855040129
FB: facebook.com/akc.rautahat

पत्र संख्या : ०८३/०८४
च.नं. : ६०

मिति: २०८३।०६।०७

**विषयः सूचना टाँस गरि जानकारी पठाइदिने सम्बन्धमा।**

श्री जिल्ला समन्वय समितिको कार्यालय, रौतहट।
श्री जिल्ला प्रशासन कार्यालय, रौतहट।
श्री प्रदेश लेखा इकाई कार्यालय, चन्द्रपुर, रौतहट।
श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रौतहट।
श्री राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई (सर्लाही/रौतहट)।
श्री रौतहट जिल्लाका स्थानीय तहहरु (सबै)।

उपरोक्त सम्बन्धमा, यस कार्यालयको चालु आ.व. २०८३।०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार संघीय सशर्त कार्यक्रम अन्तर्गतको **प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम** संचालन गर्नको लागि मिति २०८३।०६।०७ गतेको जनकपुर टुडे दैनिक पत्रिकामा प्रकाशित गरिएको प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना (यसै पत्रसाथ संलग्न रहेको) तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी पठाइदिनुहुन अनुरोध छ।

२०८३।०६।०७

दिपक सुवेदी
बाली विकास अधिकृत (सातौं)

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

गौर, रौतहट

Email: info.akcrautahat@madhesh.gov.np
Website: akcrautahat.madhesh.gov.np
Phone: 055-520001, 9855040129
FB: facebook.com/ akc.rautahat

सूचना नं. ०३/२०८३/८४

## प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव आहान सम्बन्धी सूचना !!!

(प्रथम पटक प्रकाशित मितिः- २०८३/०६/०७)

यस कृषि ज्ञान केन्द्र, रौतहटको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार संघीय सशर्त अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा **"प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२"** को अधीनमा रही रौतहट जिल्लाका कृषि व्यवसाय एवम् सहकारी सम्बन्धी संलग्न इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषकबाट दरखास्त आहानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिनभित्र (मिति २०८३/०६/२७ गते) कृषि ज्ञान केन्द्र, रौतहट कार्यालयमा तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव आहान गरिएको छ। यस सम्बन्धी थप जानकारीका लागि वेबसाइट akcrautahat.madhesh.gov.np वा फोन नं. ०५५-५२०००१/९८५५०४०१२९/९८५५०८७७५७ मा सम्पर्क गर्न सकिनेछ। थप रीत नपुगी वा म्याद नाघी आएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन।

कार्यक्रम सञ्चालनको लागि न्यूनतम मापदण्ड/प्रासंगिक विषयहरुः

| क.स. | न्यूनतम मापदण्ड/प्रासंगिक विषय | कैफियत |
|---|---|---|
| १ | खुला जमिनमा प्राङ्गारिक कृषि उत्पादन (Open field cultivation) कार्यक्रम | एकल फर्म भए कम्तिमा ७.५ कठ्ठा जमिन र सहकारी वा समूहमार्फत कम्तिमा ९० कठ्ठा जमिनमा तोकिए बमोजिम खेती गर्नुपर्नेछ। क्लष्टरमा धेरै जमिनमा उत्पादन गर्ने प्रस्ताव गर्ने फर्म, समूह, सहकारीलाई प्राथमिकता दिइनेछ। |
| २ | संरक्षित संरचनामा प्राङ्गारिक कृषि उत्पादन कार्यक्रम | प्राङ्गारिक खेती गर्न बनाइएका प्राविधिक स्पेशिफिकेशन बमोजिमका पुराना संरचनाहरु सुधार तथा तोकिए बमोजिम नयाँ संरचना निर्माणमा अनुदान सहयोग उपलब्ध गराइने। |
| ३ | नमूना प्रदर्शन कार्यक्रम | न्यूनतम ९० कठ्ठाको एक क्लस्टरमा कृषक समूह/सहकारी/कृषि फर्म/कृषि कम्पनीको लागत साझेदारीमा तोकिए बमोजिमका क्रियाकलाप सञ्चालन गरिने। छनौट गरीने कृषक समूह वा सहकारीका सदस्यहरू मध्ये पशुपालन गरेको सदस्यलाई प्राथमिकता दिइनेछ। |

आवश्यक कागजातः

१. कार्यालयले तोकेको ढाँचा बमोजिम आवेदन र प्रस्तावना।
२. सम्बन्धित कृषक समूह/संस्था/फर्म को दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
३. समूह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपि र गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
४. कृषि सहकारी/निजी उद्यमी/कम्पनीको हकमा गत आ.व.को लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि।
५. स्थानीय तहको कृषि विकास शाखा वा सम्बन्धित वडाको सिफारिस।
६. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन)को स्वामित्व खुल्ने जग्गाधनी पुर्जाको प्रतिलिपी, सो पुर्जाको गत आ.व.को मालपोत तिरेको रसिदको प्रतिलिपी र जग्गाधनीको नागरिकता वा भाडाको जग्गामा खेती भएमा ५ वर्ष र स्थायी संरचनाको लागि कम्तिमा १० वर्षको सम्झौतानामा।
७. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्र र समूह/संस्थाको हकमा बैठक निर्णयको प्रतिलिपि।
८. आवेदकले दोहोरो पर्ने गरी यसै प्रकृतिको लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्व-घोषणा पत्र।
१०. प्रतिबद्धता पत्र।
११. आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरु।

श्री सुरेन्द्र प्रसाद कुर्मी
नि. कार्यालय प्रमुख